CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हनुमान-स्तुति

प्रस्तुतकर्ता

हेमराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. 20,052
मू. १०।—

हनुमान-स्तुति

हेमराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकः— श्रीमती लक्ष्मी ज्ञवाली
वौद्ध महाँकाल काठमाडौं
फोन— ४७०८११

प्रकाशन मितिः—विवाह पंचमी २०४८

प्रथम संस्करणः—५०० प्रति

सर्वाधिकारः— प्रकाशकमा

मूल्यः— श्रद्धा

मुद्रक : शारदा प्रेस, केलटोल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M[DF

भूमिका

प्रस्तुत हनुमान स्तुतिमा हनुमानसंबन्धी स्तुतिहरूको नेपाली पद्यानुवाद प्रस्तुत छ। हामीले भगवानका स्तुतिहरू संस्कृत वा हिन्दीमा भन्ने पढ्ने गर्छौं। संस्कृत र हिन्दी राम्रो नजान्नेलाई सो स्तुतिको राम्रो अर्थ थाहा नहुन पनि सक्दछ। विना अर्थ-ज्ञानको स्तुति वास्तवमा पूर्णतः फलदायी हुँदैन भन्दछन्। तसर्थ नेपालीले गरिने स्तुतिहरू नेपाली भाषामै विकास गरिनु आवश्यक छ। अभ्यास र बानी पर्दै गए पछि यी स्तुतिहरू पनि सरल, सहज र मीठा लाग्दै जाने छन् भन्ने विश्वासका साथ हनुमान भक्त नेपाली-हरूलाई प्रस्तुत हनुमान–स्तुतिग्रन्थ सादर भेट गर्दछु।

विनीत

२०४८ साल, मार्ग। हेमराज ज्ञवाली

च २–३९६ बौद्ध महाँकाल

काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय–वस्तु

क्र. सं.	विषय	पेज
१.	केही संस्कृत स्तुतिहरू र तिनको नेपाली अनुवाद ।	१–३
२.	हनुमान–चालीसा, मूल हिन्दी र त्यसको नेपाली अनुवाद ।	४–१४
३.	सकट-मोचनाष्टक, मूल हिन्दी र त्यसको नेपाली अनुवाद ।	१५–२२
४.	हनुमानजीको आरती, मूल हिन्दी र त्यसको नेपाली । अनुवाद ।	२३–२५
५.	हनुमानजीको जीवनी	२६–४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हनुमान्-स्तुति

अतुलितबलधामं हेमशैलाभदेहं
दनुजवनकृशानुं ज्ञानिनामग्रगण्यम् ।
सकलगुणनिधानं वानराणामधीशं
रघुपतिप्रियभक्तं वातजातं नमामि ।१।

अतुलितबलशाली स्वर्णझैं देहकान्ति ।
दनुजवन डढाल्ने ज्ञानिमा अग्रगण्य ।।
सकलगुण छ जस्मा वानरैका अधीश ।
पवनसुत म ढोग्छु रामका भक्तलाई ।।१।।

गोष्पदीकृतवारीशं मशकीकृतराक्षसम् ।
रामायणमहामालारत्नं वन्देऽनिलात्मजम् ।२।

गाइको खुरझैं सिन्धु भुसुनासरि राक्षस ।
रामायण कथारत्न वन्दना वायुपुत्रमा ।२।

अञ्जनानन्दनं वीरं जानकीशोकनाशनम् ।
कपीशमक्षहन्तारं वन्दे लंकाभयंकरम् ।३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अञ्जनाका वीर पुत्र जानकी शोक नाशक ।
कपीश अक्षका हन्ता लंकादाहक ढोग छ ।३।

उल्लंघ्य सिन्धोः सलिलं सलीलं ।
यः शोक वह्नि जनकात्मजायाः ।।
आदाय तेनैव ददाह लंकां ।
नमामि तं प्राञ्जलिराञ्जनेयम् ।।४।।

समुद्र नाघी सजिलै उनीले ।
लिएर शोकाग्नि सीताजीबाट ।।
लंका जलाए तिनी मारुतिलाई ।
गर्छु नमस्कार म हाथ जोडी ।।४।।

मनोजवं मारुततुल्यवेगं ।
जितेन्द्रियं बुद्धिमतां वरिष्ठम् ।।
वातात्मजं वानरयूथमुख्यम् ।
श्रीरामदूतं शरणं प्रपद्ये ।५।

मनझैं गति उन्को छ वायुको तुल्य वेग छ ।
बुद्धिमान्मा ती वरिष्ठ जितेका सब इन्द्रिय।।
वायुका पुत्र हुन् फेरि मुख्य वानरसैन्यका ।
श्रीरामका दूत प्यारा तिन्को शरण पर्दछौं।५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आञ्जनेयमतिपाटलाननम् ।
काञ्चनाद्रि कमनीयविग्रहम् ।।
पारिजाततरूमूलवासिनम् ।
भावयामि पवमाननन्दनम् ।६।

अञ्जनासुत विशाल मुहार ।
स्वर्ण पर्वत समान शरीर ।।
पारिजाततरुमूल वसाँई ।
वायुपुत्र हनुमान नमस्ते ।।६।।

यत्र यत्र रघुनाथकीर्तनम् तत्र तत्र कृतमस्तकाञ्जलिम् ।
वाष्पवारिपरिपूर्णलोचनम् मारुतिं नमत राक्षसान्तकम् ।७।

हुन्छ जहाँ रधुनाथ कीर्तन पुग्दछौ तिमी त्यहाँत ढोगन ।
आँशुले परिपूर्ण लोचन मारुति तिमी लिऊ अभिनन्दन ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुमान-चालिसा

(नेपाली अनुवादसहित)

श्री गुरूचरन सरोज रज
निज मनु-मुकुरू सुधारि ।
वरनउँ रघुवर विमल जसु
जो दायकु फल चारि ।

श्री गुरुचरण सरोज रजले
आपनो मन दर्पण पुछेर ।
वर्णन गर्दछु राम यश
जो चारै पुरुषार्थ दिन्छ ।।

वुद्धिहीन तनु जानिके,
सुमिरो पवन-कुमार ।
वल वुद्धि विद्या देहु मोहिं
हर हुँ कलेश विकार ।।

बुद्धिहीन प्राणी जानेर
कृपागर पवन कुमार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या बुद्धि बल देउ मलाई
हरिद्यौ क्लेश विकार ।।

जय हनुमान ज्ञान गुन सागर ।
जय कपीस तिहुँ लोक उजागर ।१।
रामदूत अतुलित वलधामा ।
अंजनि-पुत्र पवनसुत नामा ।२।

जय हनुमान ज्ञान गुण सागर ।
जय कपीश तिन लोक प्रकाशक ।।१।।
रामदूत अतुलित वलशाली ।
अंजनि–पुत्र पवनसुत नामी ।।२।।

महावीर विक्रम वजरङ्गी ।
कुमति निवार सुमतिके सङ्गी ।३।
कंचन वरन विराज सुवेशा ।
कानन कुण्डल कुंचित केसा ।४।

महावीर विक्रम बज्राङ्गी ।
कुमति हारी सुमतिका सङ्गी ।।३।।
कानमा कुण्डल घुँगुरे केश ।
कंचन वर्ण छ सुन्दर भेश ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाथ वज्र औ ध्वजा विराजै ।
काँधे मूँज जनेउ साजै ।५।
संकर सुवन केसरीनंदन ।
तेज प्रताप महा जग वन्दन ।६।

हाथमा वज्र र ध्वजा सुहाउने ।
काँधमा मूँजको जनै लगाउने ।।५।।
शिवका पुत्र केशरी–नन्दन ।
तेजप्रतापले प्राप्त जगवन्दन ।।६।।

विद्यावान गुनी अति चातुर ।
रामकाज करिबे को आतुर ।७।
प्रभु चरित्र सुनिबे को रसिया ।
राम लषन सीता मन वसिया ।८।

विद्यावान गुनी अति चतुर ।
रामकार्यमा सधैंनै आतुर ।।७।।
प्रभु चरित्र सुन्नमा रसिक ।
रामलक्ष्मण सीता मनभित्र ।।८।।

सूक्ष्म रूप धरि सियहिं दिखावा ।
विकट रूप धरि लंक जरावा ।९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीम रूप धरि असुर सँहारे ।
रामचन्द्र के काज सँवारे ।१०।

सूक्ष्मरूप सीतालाई देखायौ ।
विकटरूप लिई लंका जलायौ ।।९।।
भीमरूप लिई दैत्य हरायौ ।
रामचन्द्रको काम सघायौ ।।१०।।

लाय संजीवन लखन जियाये ।
श्री रघुवीर हरषि उर लाये ।११।
रघुपति किन्ही बहुत बडाई ।
तुम मम प्रिय भरतहि सम भाई ।१२।

ल्याई संजीवनी लक्ष्मण बचायौ ।
श्रीरामको हृदयमा हर्षहरू ल्यायौ ।।११।।
रघुपति गर्छन् तिम्रो बडाँई ।
तिमी मेरा हौ भरतझैं भाई ।।१२।।

सहस वदन तुम्हरो जस गावैं ।
अस कहि श्रीपति कंठ लगावैं ।१३।
सनकादिक ब्रह्मादि मुनीसा ।
नारद सारद सहित अहीसा ।१४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शेष नाग तिन्को यश गाउँछन् ।
भन्दै श्रीपति गला लगाउँछन् ।।१३।।
सनकादि र ब्रह्मादि मुनीशहरू ।
नारद शारदासहित नागेशहरू ।।१४।।

जम कुवेर दिक्पाल जहाँ ते ।
कवि कोविद कहि सके कहाँ ते ।१५।
तुम उपकार सुग्रीवहिं कीन्हा ।
राम मिलाय राजपद दीन्हा ।१६।

यम कुवेर दिक्पालहरू पनि ।
को कवि भन्न सक्छ तिन्को महिमा ।।१५।।
सुग्रीवको तिमीले उपकार गरेको ।
राममैत्रीद्वारा राजपद दिएको ।।१६।।

तुह्मरो मन्त्र विभीषन माना ।
लंकेश्वर भए सब जग जाना ।१७।
जुग सहस्र जोजन पर भानू ।
लील्यो ताँही मधुर फल जानू ।१८।

तिन्को सल्लाह विभीषणले माने ।
लंकेश्वर बने जगतले जाने ।।१७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुइ हजार योजन परका भानु ।
तिमीले संझ्यौ मीठो फल खानु ।।१८।।

प्रभु मुद्रिका मेलि मुख माहीं
जलधि लाँघि गये अचरज नाहीं ।१९।
दुर्गम काज जगत के जेते ।
सुगम अनुग्रह तुह्मरे तेते ।२०।

प्रभुको औंठी मुखमा च्याँपी ।
सागर नाघ्यौ छैन अचम्म ।।१९।।
जगतमा जे छन् दुर्गम कर्म ।
तिम्रो अनुग्रहले सुगम ती सर्व ।।२०।।

राम दुआरे तुम रखवारे ।
होत न आज्ञा विनु पैसारे ।२१।
सब सुख लहै तुह्मारी सरना ।
तुम रच्छक काहू को डरना ।२२।

रामद्वारका तिमी हौ रक्षक ।
आज्ञा विना तिम्रो छैन प्रवेश ।।२१।।
तिम्रो शरणमा सब सुख बस्छन् ।
तिमी रक्षक भए कसको डर छ ।।२२।।

20023

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपन तेज सह्मारो आपै ।
तीनों लोक हाँक तें काँपै ।२३।
भूत पिसाच निकट नहिं आवै ।
महावीर जव नाम सुनावै ।२४।

आपनो तेज तिमी आफै सम्हाल ।
तिम्रो हाँकले तिनै लोक काँप्छ ।।२३।।
भूत पिशाचहरू नजीक आउन्न् ।
महावीर तिम्रो नाम सुनेमा ।।२४।।

नासै रोग हरै सव पीरा ।
जगत निरंतर हनुमान वीर ।२५।
संकट तें हनुमान छुडावै ।
मनक्रम वचन ध्यान जो लावै ।२६।

नासिन्छन् रोग हरिन्छ सब पीडा ।
जप्दा निरन्तर हनुमान वीर ।।२५।।
संकटबाट हनुमान छुटाउन् ।
मन-क्रम-वचन ध्यानमा जो लाउन् ।।२६।।

सवपर राम तपस्वी राजा ।
तिनके काज सकल तुम साजा ।२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

और मनोरथ जो कोई लावै ।
सोइ अमित जीवन फल पावै ।२८।

सबमा राम तपस्वी राजा ।
तिनको काम लगाउँछौ पार ।।२७।।
अरू मनोरथ जो जे गर्छन् ।
त्यो सब फल जीवनमा पाउँछन् ।।२८।।

चारो जुग परताप तुह्मारा ।
है परसिद्ध जगत उजियारा ।२९।
साधु संतके तुम रखवारे ।
असुर निकंदन राम दुलारे ।३०।

चारै युगमा प्रताप छ तिम्रो ।
अझ प्रसिद्ध जगत उज्याला ।।२९।।
साधु सन्तका तिमी हौ रक्षक ।
असुर विनाशक रामका प्यारा ।।३०।।

अष्ट सिद्धि नौ निधि के दाता ।
अस वर दीन जानकी माता ।३१।
राम रसायन तुह्मरे पासा ।
सदा रहो रघुपतिके दासा ।३२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टसिद्धि नौ निधिका दाता ।
यस्तो वर दिइन् जानकी माता ।।३१।।
राम रसायन तिम्रो साथ ।
रघुपतिका तिमी सधैं रहु दास ।।३२।।

तुह्मरे भजन राम को पावै ।
जनम जनम के दुख विसरावै ।३३।
अंतकाल रघुवर पुर जाई ।
जहाँ जन्म हरि-भक्त कहाई ।३४।

तिम्रो भजनले राम पाइन्छन् ।
जन्म जन्मका दुःख बिर्सिन्छन् ।।३३।।
अन्तकालपछि रघुपुर जान्छन् ।
जहाँ जन्मदा हरिभक्त भनिन्छन् ।।३४।।

और देवता चित्त न धरई ।
हनुमत सेइ सर्व सुख करई ।३५।
संकट कटै मिटै सब पीरा ।
जो सुमिरै हनुमत वलवीर ।३६।

अरू देवतालाई चित्तमा लिन्न् ।
हनुमानबाटै सब सुख मिल्छन् ।।३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकट काटिन्छ मेटिन्छ सब पीडा ।
जसले संझन्छ हनुमान वीर ।।३६।।

जै जै जै हनुमान गोसाई ।
कृपा करहु गुरू देवकी नाई ।३७।
जो सतवार पाठ कर कोई ।
छुटहि वंदि महासुख होई ।३८।

जय जय होस् हनुमान गोसाँहा ।
कृपा गर गुरुदेवले जस्तै ।।३७।।
जसले सय पटक पाठ गर्दछ ।
बंदी भए पनि छुटी सुख पाउँछ ।।३८।।

जो यह पढै हनुमान चालिसा ।
होय सिद्धि साखी गौरीसा ।३९।
तुलसीदास सदा हरि चेरा ।
की जै नाथ हृदयमा डेरा ।४०।

जसले पढ्छ यो हनुमान--चालीसा ।
हुन्छ सिद्धि साक्षी छन् गौरीश ।।३९।।
तुल्सीदास सधैं हरिचेला ।
गर है नाथ हृदयमा डेरा ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पवन तनय संकट हरन
मंगलमूरति रूप ।
राम लषन सीता सहित
हृदय वसहु सुर भूप ।।

पवन तनय संकट हरण
मंगलमूर्ति छ रूप ।
रामलक्ष्मण सीता सहित
हृदय बसुन् सुरभूप ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकटमोचन हनुमानाष्टक

बालसमय रवि भक्षि लियो तब ।
तिनहुँ लोक भयो अँधियारो ।
ताहि सो त्रास भयो जग को ।
यह संकट काहुसों जात न टारो ।
देवन आनि करी विनती तब ।
छाँडि दियो रवि कष्ट निवारो ।
को नही जानत है जग में कपि ।
संकटमोचन नाम तिहारो ।१।

बाल समयमा जब सूर्य चबायौ ।
तीनैं लोक भयो अँध्यारो ।।
त्यहींबाट त्रास भयो जगलाई ।
यो संकट टार्दा कसै टरेन ।।
देवहरू आई विन्ती गरे जब ।
छाडि दियौ रवि कष्ट हटायौ ।।
जान्दैन जगमा कसले हे कपि ।
संकटमोचन तिमी हौ भनेर ।१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालि की त्रास कपीस बसे गिरि ।
जात महाप्रभु पंथ निहारो ।
चौंकि महामुनि साप दियो तव ।
चाहिय कौन विचार विचारो ।
कै द्विज रूप लिवाय महाप्रभु ।
सो तुम दास के सोक निवारो ।
को नही जानत है जग में कपि ।
संकटमोचन नाम तिहारो ।२।

बालित्रासले कपीश बसे गिरी ।
जहाँबाट प्रभुको बाटो कुरेर ।।
रिसले महामुनि श्राप दिए तब ।
तिमीले कस्तो विचार गरेथ्यौ ।।
मुनिको रूप लिएर प्रभुले ।
तिमी दासको शोक हटाए ।।
जान्दैन जगमा कसले हे कपि ! ।
संकटमोचन तिमी हौ भनेर ।२।

अंगद के संग लेन गए सिय ।
खोज कपिस यह वैन उचारो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवत ना बचि हौ हम सो जु ।
विना सुधि लाए इहाँ पगु धारो ।
हेरि थके तट सिन्धु सबै तव ।
लाय सिया-सुधि प्राण उवारो ।।
को नहीं जानत है जग में कपि ।
संकटमोचन नाम तिहारो ।।३।।

अंगद सँगमा लिन गई सीता ।
खोज्दै तिमीले वाणी निकाल्यौ ।।
ज्यू दो रहने छैन यदि मैले ।
पत्ता नलाई यहाँ पाउ हालेमा ।।
हेर्दै थाके सब सिन्धु तट तब ।
सीता खवर ल्याई राम बचायौ ।।
जान्दैन जगमा कसले हे कपि ! ।
संकटमोचन तिमी हौ भनेर ।३।

रावन त्रास दई सिय को सब ।
राक्षसी सों कहि सोक निवारो ।
ताहि समय हनुमान महाप्रभु ।
जाय महा रजनीचर मारो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहुत सोय असोक सों आगि सु ।
दै प्रभु मुद्रिका सोक निवारो ।
को नहीं जानत है जग में कपि ।
संकट मोचन नाम तिहारो ।।४।।

रावणले जव राक्षसीलाई भनी ।
सीतालाई त्रास दिंदा तिमी शोक हटायौ ।।
त्यसै बेला हनुमान तिमी महाप्रभु ले ।
धेरै राक्षसहरूलाई मार्‍यौ ।।
अशोक वनमा सीता भेटी ।
राम औंठी दी शोक मेटायौ ।।
जान्दैन जगमा कसले हे कपि ! ।
संकटमोचन तिमी हौ भनेर ।४।

बान लग्यो उर लछिमन के तव ।
प्रान तजे सुत रावन मारो ।
लै गृह वैद्य सुषेन समेत ।
तबै गिरि दोन सु बीर उपारो ।।
आनी सजीवन हाथ दई तव ।
लछिमन के तुम प्रान उबारो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को नहीं जानत है जग में कपि ।
संकट मोचन नाम तिहारो ।।५।।

लक्ष्मणलाई वाण लाग्यो जब ।
रावणसुतलाई तिमीले मार्‍यौ ।।
ल्यायौ वैद्य सुषेन तिमीले ।
नाघी दूरका पर्वतनाला ।।
ल्याई संजीवनी पर्वतसाथ ।
लक्ष्मणको तिमी प्राण वचायौ ।।
जान्दैन जगमा कसले हे कपि ! ।
संकटमोचन तिमी हौ भनेर ।५।

रावन जुद्ध अजान कियो तव ।
नाग कि फाँस सबै सिर डारो ।
श्रीरघुनाथ समेत सबै दल ।
मोह भयो यह संकट मारो ।
आनि खगेस तवै हनुमान जु ।
वंधन काटि सुत्रास निवारो ।
को नहीं जानत है जग में कपि ।
संकटमोचन नाम तिहारो ।६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नजानी रावणसँग यूद्ध गरेर ।
नागपाशमा जव सव वाँधिए ।।
श्री रघुनाथ समेत सबै दल ।
मूच्छा परे पन्यो संकट ठूलो ।।
ल्यायौ गरूड हनुमान तिमीले ।
पाश कटाई त्रास हटायौ ।।
जान्दैन जगमा कसले हे कपि ! ।
संकटमोचन तिमी हौ भनेर ।६।

वंधु समेत जबै अहिरावन ।
लै रघुनाथ पताल सिधारो ।
देविहि पूजि भली विधि सों वलि ।
देउ सबै मिली मंत्र विचारो ।
जाय सहाय भयो तव ही ।
अहिरावन सैन्य समेत सँहारो ।
को नहीं जानत है जगमे कपि ।
संकटमोचन नाम तिहारो ।७।

भाईसमेत लिई जव अहिरावण ।
रामचन्द्रलाई पाताल पुऱ्यायो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवीको पूजा ठीक विधिले गरी ।
बलि दिई मन्त्र उच्चारण गरेर ।।
त्यसकै प्रतापले सहायता पाएर ।
सैन्य समेत अहिरावण मार्‍यौ ।।
जान्दैन जगमा कसले हे कपि ! ।
संकटमोचन तिमी हौ भनेर ।७।

काज किए वड देवन के तुम ।
वीर महाप्रभु देखि विचारो ।
कौन सो संकट मोर गरीव को ।
जो तुम सो नहिं जात है टारो ।
वेगि हरो हनुमान महाप्रभु ।
जो कहु संकट होय हमारो ।
को नहिं जानत है जग में कपि ।
संकटमोचन नाम तिहारो ।८।

ठूला गर्‍यौ काम देवहरूका तिमी ।
वीर महाप्रभु हेरी विचारे ।।
कुन त्यो संकट छ म गरीवको ।
जो तिमीवाट सक्दैन टर्न ।।
हेरी हटाइद्यौ हे हनुमान प्रभु ।
जो कुनै संकट होलान् मेरा ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्दैन जगमा कसले हे कपि! ।
संकटमोचन तिमी हौ भनेर ।८।

दोहा लाल देह लाली लसे अरू धरि
लाल लंगुर ।
वज्र देह दानवदलन जय जय कपि सूर ।।

रातो देह छ लाली लागेको ।
त्यसमाथि रातो पुच्छर ।।
वज्र देह दानवदलन ।
जय जय कपि शूर ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हनुमानजीको आरती

आरती कीजै हनुमान लला की ।
दुष्ट दलन रघुनाथ कला की ।टेक।

आरती गर हनुमान ललाको ।
दुष्टदलन रघुनाथ कलाको ।। ।टेक।

जाके वल से गिरिवर कांपे ।
रोग दोष जाके निकट न झाँपै ।१।

जसको वलले गिरिवर काँप्छन् ।
रोग दोष जस्को नजीक आउन्नन् ।१।

अंजनिपुत्र महा वलदाई ।
संतनके प्रभु सदा सहाई ।२।

अंजनीपुत्र महावलदायक ।
सन्तहरूका प्रभु सदा सहायक ।२।

दे वीरा रघुनाथ पठाए ।
लंका जारी सिय सुधि लाए ।३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन् वीरलाई प्रभु रघुनाथले पठाए ।
लंका पुगी सीतासन्देश ली आए ।३।

लंका सो–कोट समुद्र सी खाई ।
जात पवनसुत वानर लाई ।४।

लंकाभैं टाढा समुद्रको खाई ।
तर पनि मारुतिलाई कुनै वार नाई ।४।

लंका जारि असुर संहारे ।
सियारामजीके काज सँवारे ।५।

लंका गएर असुरहरू मारे ।
सीतारामको काम सपारे ।५।

लक्ष्मण मूर्छित पडे सकारे ।
आनि सजीवन प्रान उवारे ।६।

लक्ष्मण मूर्छित परे जब युद्धमा ।
ल्याइ संजीवनी प्राण बचाए ।६।

पैठि पताल तोरी जम-कारे ।
अहिरावन की भुजा उखारे ।७।

पुगी पाताल युद्ध गरेर ।
अहि रावणको हात छिनाले ।७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बायें भुजा असुर दल मारे ।
दाहिने भुजा संत जन तारे ।८।

बाँया हातले असुरहरू माछौं ।
दाँया हातले सन्तहरू ताछौं ।८।

सुर नर मुनि आरती उतारे ।
जै जै जै हनुमान उचारे ।९।

सुर नर मुनि आरती उतार्छन् ।
जय जय जय हनुमान पुकार्छन् ।९।

कंचन थार कपूर लौ छाई ।
आरती करत अंजना माई ।१०।

सुनको थालमा कपुर लिएर ।
आरती गर्छिन् अंजना माई ।१०।

जो हनुमान (जी) की आरती गावै ।
बसि बैकुण्ठ परमपद पावै ।११।

जसले हनुमानको आरती गाउँछ ।
बसी वैंकुण्ठमा परम पद पाउँछ ।११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हनुमानको जीवनी कथा

सुवर्ण रूप भो जस्को सूर्यका वरदानले ।
त्यो सुमेरू पर्वतमा केशरी राज्य गर्दथे ।१।
अञ्जना नामकी पत्नी केशरीकी प्रिया थिइन् ।
शिववीर्य वायुद्वारा अञ्जना गर्भमा पुग्यो ।२।
इनले पुत्र जन्माइन् तेजस्वी र पराक्रमी ।
जन्मदा इनको वर्ण पहेँलो धान झैं थियो ।३।
एकदा अंजना निक्लिन फल खोज्न भनी वन ।
एक्लै परे बालक यी घरमा शून्य भो मन ।४।
आमा वियोगको शोक भोकले पनि पीडित ।
रोए इनी निकै चर्को शरवन्मा कुमारझैं ।५।
यत्तिकैमा जया पुष्पजस्तो रातो उदाउँदो ।
सूर्यलाई देखी झम्टे फल ठानी निलूँ भनी ।६।
उदाउँदो सूर्य टिप्न बालसूर्य सरी इनी ।
रूपका डडी राख्दैथे नभमा सूर्य तर्फ नै ।७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो दृश्य त्यहाँ देख्दा बालभाव् हनुमानको ।
आश्चर्यको छटा छायो देव दानव यक्षमा ।८।

न वायुमा गरूडमा मनमा वेग देखिने ।
जुन् वेगमा वायुपुत्र नभमा उडदै थिए ।९।
बाल्यवेला वेग यस्तो इनको देखियो भने ।
युबाको वल पाएर कस्तो वेग हुने पछि ।१०।

आफ्ना छोरा सूर्यतर्फ जाँदा डढ्लान् भनीकन ।
चीसो भै पछि लाग्दैथे वायु उन्लाई बचाउन ।११।
हजारौं कोश नाघेर यसरी नभमा उडी ।
बाबुको बलले बाल पुगे सूर्यसमीपमा ।१२।

भविष्यमा गर्नु पर्ने इनले धेर काम छ ।
भन्ने शोची जलाएनन् सूर्यले शिशु हो भनी ।१३।
कुँदेकाथे हनुमान्जी जुन दिन् सूर्य पक्रन ।
उसैं दिन् राहु खोज्दैथ्यो सूर्यलाई चवाउन ।१४।

राहुलाई हनुमान्ले सूर्यको रथमात्थिर ।
जब छोए उ भागेथ्यो भयले आत्तिईकन ।१५।
सिंहिकाको पुत्र राहु इन्द्र दर्बारमा गई ।
भन्न थाल्यो इन्द्रलाई रिसले टेढिईकन ।१६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो आहारमा चन्द्र सूर्यलाई दिई अघि ।
हे वृत्रहा अरूलाई फेरि ऐले दिईकन ।१७।

आज औंसी सूर्यलाई खान भन्दै गया थिएँ ।
अर्कै आई त्यहाँ पाल्यो रविलाई समातन ।१८।

हड्वडाए इन्द्र ज्यादै राहुका यी कुरा सुनी ।
आफ्नो आसन छाडेर स्वर्णमाला सँगै उठे ।१९।

अनि कैलाश झैं सेतो मत्त त्यो चार दन्तको ।
सिंगारीएको धवल स्वर्ण घण्टा वजाउने ।२०।

चढेर हात्तिमा इन्द्र राहुकापछि लम्किए ।
त्यहाँ जहाँ हनुमान सूर्यका साथमा थिए ।२१।

पछि छाडी इन्द्रलाई वेगले राहु गो अघि ।
राहुलाई इनी देखे दौडँदो गिरिश्रृङ्ग झैं ।२२।

फल झै राहु मानेर छाडी सूर्य समातन ।
हनुमान् उफ्रिए फेरि नभमा राहु पक्रन ।२३।

सूर्य छाडी आफुतर्फ दौडँदा हनुमानलाई ।
देखेर राहु फर्केर भाग्न लाग्यो त्यहा खुव ।२४।

आफ्नो रक्षार्थ आएका इन्द्रलाई पुकारदै ।
डरले आत्तिएको त्यो राहु माग्दै थियो गुहार ।२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्कार स्वर त्यो आर्त राहुको सुनी वासव ।
भन्नलागे राहुलाई न डराउ म आउँछु ।२६।

इन्द्रको हात्ति देखेर फल संझेर मारूति ।
विशाल फल त्यो टिप्न त्यसैतर्फ उनी कुदे ।२७।

ऐरावत खानलाई कुदेका हनुमानको ।
रूप भो तेजिलो घोर इन्द्राग्निसरि क्यै क्षण ।२८।

मारुति शिशु देखेर इन्द्रको झोँक क्यै घट्यो ।
त्यै पनि वज्रले हाने आइ लाग्यो राहुमा भनी ।२९।

यौटा पहाडमा वज्र वज्रको चोटले गरी ।
वाँया हनु भाँच्चिएछ मृत्यु भो हनुमानको ।३०।

देखेर पुत्रको हाल वायु क्रुद्ध भए त्यहाँ ।
उनको कोघले गर्दा प्रजाको कष्ट बृद्धि भो ।३१।

शक्तिशाली पवनले प्रजाको देह भित्रको ।
गति रोकेर छोराको शव ली ती गुफा पसे ।३२।

रोके झैं इन्द्रले वर्षा प्राणीको मल मूत्र नै ।
रोकियो वायु रूक्नाले प्राण संचार वन्ध भो ।३३।

वायु प्रकोपले गर्दा प्राणको सास रोकियो ।
अङ्ग ग्रन्थी टुट्न लागे निष्प्राण काठझैं भए ।३४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायु प्रकोपले विश्व यज्ञ स्वाध्याय शून्य भो ।
प्राणी नरकमा जस्तैं यातना कष्ट पाउँथे ।३५।

तव गन्धर्व, असुर, देवता र मनुष्य भै ।
ब्रह्मा कहाँ गए दुःखी सुखको लागि एक भै ।३६।

महोदर् रोगले जस्तैं फुलेका पेट ली कन ।
हाथ जोडी भन्न लागे देवताहरूले तहाँ ।३७।

स्वामी हजुरले सृष्टि गर्नु भो चार जातको ।
प्राणको नाथ वायुलाई बनाई दिनु भो तर ।३८।

किन इन्ले हामीभित्र आफ्नो संचार रोक्दछन् ।
यसले कष्ट भो जस्तै गृहिणी क्रोधले घर ।३९।

वायुपीडा लिई हामी आयौं शरणमा प्रभो ।
दुःख यो हरिद्यौ हाम्रो वायु संरोधको विभो ।४०।

ब्रह्माजीले भन्न थाले प्रजाका यी कुरा सुनी ।
यसमा के कारण छ सुन भन्छु सबै कुरा ।४१।

जस्का निंती रिसाएका छन् वायु त्यो सबै सुन ।
सुन्नु पर्छ बुझ्नु पर्छ तिमीले यी सबै कुरा ।४२।

इन्द्रले वायुका पुत्रलाई मारे कुरा सुनी ।
राहुका तव ती वायु रिसाए अनि यो भयो ।४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विदेह भै देहहरू घुमी पालन गर्दछन् ।
शरीर यो विना वायु दाउरासरि बन्दछ ।४४।
वायु नै प्राण सुख हो वायु यो विश्व वायु हो ।
त्यागिएमा पवनले विश्व यो दुःख पाउँछ ।४५।
विश्वको आयु हो वायु त्यसले आज त्यागदा ।
काठ गारो सरी प्राणी निष्प्राण सरि देखिए ।४६।
अतः जाउँ हामी सब उनलाई रिझाउन ।
पीडा दिने वायुदेव जहाँ छन् आफू बाँचन ।४७।
अनि सबैलाई लिएर साथमा ।
ब्रह्मा पुगे मारुत देव थे जहाँ ।।
लिई वसेका शवलाई काखमा ।
सुरेन्द्रको वज्र परेर गाथमा ।४८।
देवादिका साथ तहाँ पुगेर ।
सूर्याग्नि औ स्वर्ण सरी प्रभाका ।
सदागतिका सुत काखमा थिए ।
त्यो देखी ब्रह्मा करूणार्द्र भै गए ।४९।
तहाँ ब्रह्मालाई देखी पुत्रको लाश ली कन ।
उठे वायु हात जोडी काँपदै पुत्र शोकले ।५०।
तीन पल्ट उपस्थान ब्रह्माजीको गरिकन ।
गिरे चरणमा वायु ब्रह्माको शोकतप्त ती ।५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायुलाई उठाएर हातले परब्रह्मले ।
मारूतिको लाश माथि हाथ फेरे कृपागरी ।५२।

ब्रह्माको स्पर्श पाएर फेरि वाँची तिनी उठे ।
मरेको धानको वोट जल पाई उठेसरी ।५३।

व्यूँझेका पुत्र देखेर वायु हर्षित भै कन ।
खोली दिए रोकिएको सास संचार प्राणीमा ।५४।

चीसो वतासले मुक्त कमल्का पोखरी सरी ।
प्राणी प्रसन्न देखिन्थे श्वास संचार खोलिदा ।५५।

तव ब्रह्माज़ीले सबै देवतालाई यो भने ।
प्रसन्न गरने इच्छा वायुलाई लिईकन ।५६।

हे इन्द्र ! अग्नि ! वरुण ! महेश्वर ! कुवेर हो ।
जान्दछौ ता पनि भन्छु कुरा हित सबै सुन ।५७।

गर्नेछ धेर शिशुले काम तिम्रो भविष्यमा ।
त्यसले वर द्यौ यस्लाई वायु संतुष्ट पारन ।५८।

पहिले इन्द्रले यौटा माला कमलको दिई ।
इनलाई भन्न थाले कुरा केही खुसी भई ।५९।

मेरो नै वज्रले हान्दा इनको हनु भाँच्चियो ।
अव लौ इनको नाम हनुमान हुने भयो ।६०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हनलाई म दिंदछु वर यो अति अद्भुत ।
न मर्ने वज्रले मेरो अब देखि भए इनी ।६१।

अँध्यारो नाशने सूर्य भन्न थाले त्यहाँ कुरा ।
म दिन्छु ल इनीलाई तेजको सय भाग नै ।६२।

शास्त्र पढ्ने शक्ति इनको जब होला सिकाउला ।
सबै शास्त्र म आफैं नैं ज्ञानी होलान् इनी तब ।
शास्त्र दर्शनमा इनको हुने छैंनन् समान कवै ।६३।

दशलाख वर्षसम्म जलले पाशले पनि ।
इन्को मृत्यु हुने छैंन दिए वरुणले वर ।६४।

अर्को वर निरोगित्व अवध्य यम दण्डले ।
युद्धमा खेद नहुने वर हुन् यमराजका ।६५।

मेरो गदाबाट इनी मर्ने छैंनन् लडाईमा ।
कुवेरले भन्न थाले दिंदै वर तहाँ तब ।६६।

म र मेरा शस्त्रबाट अवध्य इनी छन् हुने ।
यस्तो ठूलो वर दिए तहाँ शंकरले पनि ।६७।

बालसूर्य सरी कान्ति मारुतिलाई देखदा ।
विश्वकर्मा भन्नथाले दिंदै वर महामति ।६८।

मैले निर्मित जे जे छन् दिव्य शस्त्रहरू सब ।
अवध्यत्व तिनीवाट भई बाँच सदा सदा ।६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मदण्ड सबैबाट अवध्य र चिरंजीवी ।
महात्मा भै इनी वाँच्लान् ब्रह्माजीले दिए वर ।७०।
सिगारिएका वरले मारुतिलाई देखँदा ।
खुसी भै भन्दछन् ब्रह्मा वायुलाई जगद्गुरू ।७१।
मित्रलाई अभयद शत्रुलाई भयकर ।
हुने अजेय छन् तिम्रा पुत्र यी सुन मारूत ।७२।
इच्छानुसारको रूप चाहनासरिको गति ।
जहाँ चाह्यो जान सक्ने वेग इच्छानुसारको ।
नरोकिने गति हुँदा यशस्वी छन् हुने इनी ।७३।
रावणलाई दिक्क पार्ने रामको प्रीतिबर्द्धक ।
रोमांचकारी गर्ने छन् काम धेरै लडाईमा ।७४।
यस्ता यस्ता वर दिई वायुसंग विदा भई ।
यथास्थान गए देव ब्रह्माका साथमा तव ।७५।
पुत्रलाई समातेर घरमा लगी वायुले ।
कथा सुनाए वरको अंजनालाई तव् हिंडे ।७६।
धेरै वरहरू पाई त्यसका वल तापले ।
समुद्रझैं भित्र शक्ति भएका इनी देखिए ।७७।
वेगले भरिएका यी न डराई घुमी घुमी ।
ऋषि आश्रममा धेर गर्न लागे उपद्रव ।७८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फोरे चेते नास्न थाले मुनिका अग्निहोत्रका ।
भाँडा सुरो वल्कल ती विना काम कपीश यी ।७९।

यस्ता कर्महरू घेर गर्न थाले महावल ।
ब्रह्म दण्डहरूबाट अवध्य शंभुको वर ।८०।

जानेर ऋषि थे मौनी सहन्थे सव् उपद्रव ।
यस्तो काम गर्नु हुन्न केशरी वायु देवता ।८१।

संझाउथे इनीलाई इनी टेर्दैनथे तर ।
रिसाएका ऋषिहरू अंगीरा भृगुवंशका ।८२।

दिए श्राप इनीलाई ज्यादै दुखित भैकन ।
जुन् वल्को गर्व ले गर्दा हामीलाई सताउँछौ ।८३।

मारूति त्यो विर्सने छौ आफुमा छ भनीकन ।
आफ्नो कीर्ति सुनेमात्र हुनेछ वलवर्द्धन ।८४।

वलको तेज घट्नाले ऋषिको श्रापले गरी ।
तिनै आश्रममा घुम्थे इनी नम्र भई अव ।८५।

सूर्य जस्ता तेजिला थे वायु सुग्रीवका पिता ।
सबै वानरका राजा नाम ऋक्ष्यरजा थियो ।८६।

राज्य धेरै वर्ष गरी उनी वानरका प्रभु ।
सिधारे स्वर्गको वाटो आफु ऋक्षरजा पनि ।८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको मृत्यु उप्रान्त वाली राजा बने तहाँ ।
मन्त्री सल्लाहले गर्दा सुग्रीव युवराज् भए ।८८।

अग्नि अनिलमा जस्तै सुग्रीव वालीमा थियो ।
मित्रता भेद रहित वाल्यदेखिन् सुनिर्मल ।८९।

वाली सुग्रीवमा वैरभाव वृद्धि भयो जव ।
मारूति श्रापले गर्दा आफ्नो जान्दैनथे वल ।९०।

वालीको भयले भाग्ने मित्र सुग्रीव् वचाउन ।
न थाह थ्यो मारूतिलाई कति उन्मा थियो वल ।९१।

हात्तिका डरले काँप्ने सिंह जस्तो भईकन ।
चूपचाप खडा हुन्थे वाली सुग्रीव युद्धमा ।९२।

इनी पढ्थे व्याकरण सूर्यसँग निकै गढी ।
सूर्य तर्फ मुख गरी प्रश्न सोध्थे दिनैं भरी ।९३।

ठूलो ग्रन्थ समातेर सूर्यका साथ साथमा ।
उडी उदाउँदादेखि जान्थे अस्तगिरी तक ।९४।

पढेकाछन् मारूतिले सूत्र वृत्ति र वार्तिक ।
महाभाष्य वार्तिकको ज्ञान इन्मा भयंकर ।९५।

त्यस्तैं अरू शास्त्रहरू छन्दशास्त्र समेतको ।
इनमा पूर्ण देखिन्छ ज्ञान सूर्य प्रतापले ।९६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारमा को छ पराक्रमी त्यो ।
चातुर्य गाम्भीर्य र नीतिमा होस् ।
माधुर्य सौशिल्य र बुद्धिमा होस् ।
महावली को हनुमान्सरी होस् ।९७।

विद्याहरूमा र तपोविधानमा ।
वृहस्पतिका समकक्ष यी छन् ।
इनी नया व्याकरणार्थ जान्ने ।
ब्रह्मासरी आदरणीय बन्छन् ।९८।

सीताहरणको चोट परेका रघुनन्दन ।
कवन्धका कथनले सुग्रीवसँग भेटन ।९९।

ऋष्यमूक पुगेका थे थिए लक्ष्मण साथमा ।
सीता भेटाउने युक्ति पाइन्छ कि त्यहाँ भनी ।१००।

सुग्रीवको रामसँग मध्यस्थ हनुमान भै ।
भयो मितेरी गहिरो वालीवध पनि भयो ।१०१।

रामको काम गरन सुग्रीव पनि कस्सिए ।
सीतालाई खोज्न भनी पठाए वीर वानर ।
सुग्रीवले चार दिशा गरदै मार्ग वर्णन ।१०२।

रामले हनुमान्लाई दिई अंगुठी एउटा ।
भिन्दै पठाए सीताको पत्तो लाउ तिमी भनी ।१०३।

Nepal Sanskrit University, Bālmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयातिद्व।रा थाहा भो उस्को छोरो सूपार्श्वले ।
सीतालाई रावणले हरेको देखियो भनी ।१०४।

जाम्ववान्ले हनुमान्को गर्दा वीरत्व वर्णन ।
समुद्र नाघी लंकामा जानें उत्प्रेरणा दिए ।१०५।

सुरसालाई संझाई सिंहिकाको गरी वध ।
लंका पुगे हनुमान गरी सागर लंघन ।१०६।

सीतालाई तहाँ भेटी रामसंदेश दीकन ।
सीतालाई दिए औंठी रामको हनुमानले ।१०७।

आश्वस्त पारी सीतालाई हनुमान् फर्कदा भए ।
फर्कदा खेरी लंकामा केही गर्न गरे मन ।१०८।

अशोक वाटिका नाश, चैत्यदर्वार ध्वंस र ।
कैयौं राक्षसका साथ नाश अक्षकुमारको ।१०९।

गरेकोमा इन्द्रजित्ले वाँधी रावणका अघि ।
पुऱ्याए मारूतिलाई क्रुद्ध भै भ्रातृशोकले ।११०।

रामदूत भएकाले मार्नु हुन्न भनीकन ।
आगो पुच्छरमा वाली हनुमान् छोडिए जव ।१११।

लंका डढाए उनले अनि नाघेर सागर ।
फर्के रामकहाँ गर्न सीता दर्शन वर्णन ।११२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हनुमान्‌वाट वृत्तान्त सुनी वैदेही–भेटकी ।
लगाए छातीमा उन्‌लाई रामले खुसी भै कन ।११३।

त्यस्तै लंका– युद्धमहाँ इन्द्रजित् नागपाशले ।
मूर्छा भए रामलक्ष्मण् हनुमान उडीकन ।११४।

गरुडलाई ल्याएर स्वर्गवाट तुरून्त नै ।
जोगाएथे प्रभूलाई कटाई नागपाश नै ।११५।

त्यस्तै लंका युद्धमहाँ मारूतिको पराक्रम ।
देखियो अति नै ठूलो धुम्राक्ष र अकम्पन ।११६।

देवान्तक, त्रिशिरा र तिकुम्भहरू मारिए ।
मारूतिका हातवाट त्यस्तै रावणवाणले ।११७।

जव मूर्छा परेकाथे सुमित्रासुत लक्ष्मण ।
संजीवनी पर्वत नै उठाई हनुमानले ।११८।

हिमालबाट ल्याएर वचाए सव जान्दछन् ।
यस्ता मारूतिका लीला वर्णनातीत धेर छन् ।११९।

रामावतारको अन्तबेलामा रघुनन्दन ।
स्वर्ग-धाम जान लाग्दा मारूतिलाई भन्नुभो ।१२०।

चिरकाल् बाँचने इच्छा तिम्रो छ सुन मारूति ।
त्यो प्रतिज्ञा पूरा गर्दै तिमी बाँच जुगन्जुग ।१२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहाँ सम्मन् अवनीमा कथा रामवतारको ।
चल्छ बाँची राख तिमी भै प्रसन्न महामति ।१२२।

सुनेर यस्तो वचन रामको कपिनन्दन ।
आज्ञा शिरोपर गरी भन्न थाले महामति ।१२३।

तबसम्मन् म बस्नेछु पृथ्वीमा रघुनन्दन ।
जबसम्मन् हजुरको कथा पावन चल्दछ ।१२४।

थाहा छ पाठकहरू मध्ये अष्टचिरंजीवी ।
हनुमान् पनि यौटा हुन् पृथ्वीमा अझ छन् उनी।१२५।

सत्कर्मले, भक्तिवाट साक्षात् दर्शन पाउन ।
अझैसम्म सकिदछ छैन क्यै पनि संशय ।१२६।

2007

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्रक : शारदा प्रेस, केलटोल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu